बुङ्गल नगरपालिकाको वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम

# आ.व. २०८०/८१ प्रतिवेदन

**पेश गर्ने :**

ललित बहादुर सिंह

**प्रतिवेदन पेश गरिएको निकाय**

बुङ्गल नगरपालिका बिजगडा, बझाङ

## १. पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेअनुसार हरेक स्थानीय तहले वर्षभरि गरेका गतिविधिको सार्वजनिककरण गर्नुपर्ने प्राब्धान छ । खुला सरकारको अवधारण लिएको अहिलेको लोकतन्त्रले सार्वजनिक निकायमा हुने हरेक गतिविधिको नागरिकहरूलाई जानकारी दिनुपर्ने मान्यता राखेको छ । संवैधानिक व्यवस्थाले पनि सरकार र सार्वजनिक निकायलाई जनउत्तरदायी हुने र सूचनाको हकको प्रत्याभूत गर्ने सोच गरेको छ । यो सबै अवस्थालाई मध्यनजर गर्दा हरेक सार्वजनिक निकायहरूले सेवाग्राहीहरू लक्षित वर्ग जनताहरूलाई आ-आफ्नो निकायमा भए गरेका आर्थिक भौतिक सामाजिक प्रगतिको अवस्था जानकारी गर्दा सुशासन पारर्दशिता र जवाफदेहितामा सहयोग पुऱ्याउँछ । सार्वजनिक सुनुवाई सामाजिक परीक्षण शासन व्यवस्था सुशासन गर्ने प्रमुख औजार हुन् । यसले लोकतन्त्रलाई जीवन्त राख्दछ र नागरिकहरूको सरकारप्रतिको जनविश्वास बढ्दै जान्छ । यो सबै अवस्थालाई मनन गरी स्थानीय सरकारलाई जनमुखी र प्रभावकारी बनाउन बुङ्गल नगरपालिकाले पनि पालिकाबाट भए गरेका गतिविधिहरू सबैको जानकारी नागरिक र सरोकारवालालाई दिँदै आएको छ । जनप्रतिनिधिसहित स्थानीय सरकार सञ्चालनमा आएपछि पालिकाबाट भएगरेका गतिविधि आर्थिक भौतिक अवस्था साथै अन्य सबै सेवाको जानकारीका लागि सार्वजनिक सुनुवाई गर्दै बुङ्गल नगरपालिकाले समुदायबाट पालिकाको कमी कमजोरी औंल्याउने, गुनासो राख्न लगाउने र सुझाव सल्लाह लिने दिने काम गर्दै आएको छ ।

यो विधिको शासन कायम गर्ने एउटा लोकतान्त्रिक औजार पनि भएकाले यसो गर्दा योजना तथा कार्यक्रममा भएको कमी कमजोरी, सेवा/सुविधा पद स्रोत साधानको दुरूपयोगको खुलासा हुन्छ । कमजोरी पक्ष उजागर भएर सेवाप्रवाह कार्यक्रम सहज सरल समावेशी दिगो हुन मद्दत गर्छ । पहिलो चौमासिक दोस्रो चौमासिक सार्वजनिक सुनुवाइ गर्दै आएको बुङ्गल नगरपालिकाले वर्षभरिको गतिविधि समेटेर आर्थिक वर्ष २०८०/८१को सार्वजनिक सुनुवाई कार्यक्रम २०८० साल माघ १७ गतेका दिन गरेको थियो । सार्वजनिक सुनुवाईमा सहजीकरण गर्नका लागि तेस्रो पक्ष नेपाल पत्रकार महासंघलाई जिम्मा दिएको हुँदा सोको आधारमा यो प्रतिवेदन तयार गरिएको हो ।

## २) सार्वजनिक सुनुवाईको उद्देश्य

नगरपालिकामा सार्वजनिक सुनवाईको मुख्य उद्देश्य नगरपालिकालाई आमा नागरिक विशेष गरी महिला गरिब जोखिममा रहेका पिछडिएका एवं बञ्चितमा परेका समुदाय तथा दुर्गम क्षेत्रप्रति उत्तरदायी भई उनीहरूको चाँसोप्रति सम्वेदनशील र जवाफदेही बनाउनु रहेको छ । यो प्रक्रियाका निश्चित उद्देश्यहरू निम्नाअनुसार रहेका छन् ।

- नगरपालिकाले सञ्चालन गर्ने विकास योजनाहरूबाट समाजले लिन सक्ने अधिकारिक लाभको सुनिश्चितताको लागि सम्पादित कार्यहरू सरोकारवालाबाट लेखाजोखा हुने पद्दतिको स्थापना गर्ने ।
- सार्वजनिक परीक्षण (Public Audit) प्रणाली अवलम्वन गर्न ।
- बुङ्गल नगरपालिकाद्वारा सञ्चालित क्रियाकलापहरूको सार्वजनिक परीक्षण प्रक्रियालाई स्पष्ट, पारदर्शी तथा व्यवस्थित गर्ने,
- नगरपालिकाबाट सञ्चालित योजनाहरूको प्रभावकारिता, गुणस्तरको बारेमा जानकारी गराउन
- स्थानीय तहबाट सञ्चालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधाको सार्वजनिक गर्नु ।
- नागरिकबाट प्राप्त रचनात्मक सुझाबहरूलाई ग्रहण गरी जिम्मेवारीको संस्कार बसाउन ।
- नागरिकहरूलाई सुशासनको प्रत्याभूति गराउन ।
- स्थानीय तहका कर्मचारी निर्वाचित प्रतिनिधिहरूलाई नागरिकप्रति उत्तरदायी, जिम्मेबार तथा जवाफदेही बनाउन ।
- पारदर्शी शासन व्यवस्था, उत्तरदायी प्रशासनयन्त्र, सहभागितामूलक पद्धति र निर्वाध रूपमा सूचनासम्मको पहुँच प्रत्याभूति गर्न ।
- सेवाग्राही र सेवा प्रदायक निकायबीच जनचाँसो दोहोरो संवाद सुरूवात गर्न ।
- सेवाग्राही र सेवा प्रदायक निकायबीच जनचाँसो अभिवृद्धि गर्न ।
- सेवा प्रदान गर्ने संस्थाले समुदायप्रति गर्नुपर्ने जवाफदेहिता पूरा गर्न तथा समुदायका सदस्यहरूलाई कार्यक्रमप्रति जिम्मेवार बनाउन ।
- समुदायमा सूचनामाग गर्ने, छलफल गर्ने बानीको विकास गर्ने र सार्वजनिक निगरानी गर्ने भावनाको विकास गराउन ।

## ३) सार्वजनिक सुनुवाई गरिएका विषय वस्तुहरू

- आ.व. २०८०/८१का सञ्चालन भएका नीति तथा कार्यक्रमहरू, बजेट र प्रगति
- आ.व.२०८०/८१ सञ्चालन भएका तेस्रो चौमासिकमा भएका भौतिक पूर्वाधारका क्रियाकलापहरू
- आ.व. २०८०/८१ मा प्रवाह भएका वस्तु सेवा तथा सुविधाहरू
- आ.व. २०८०/८१ मा सेवाग्राहीहरूका पिरमर्का, सुझाव, पृष्ठपोषण तथा गुनासाहरू
- बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन पत्र
- सामाजिक सुरक्षा कार्यक्रम विपरित भत्ताको नाम नामेसी

## ४) सार्वजनिक सुनुवाईसम्बन्धी कानूनी प्राब्धान

स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ ले स्थानीय निकायले सञ्चालन गर्ने कार्यक्रम तथा परियोजनाको सरोकारवालाबाट लेखाजोखा गराउन आवश्यक विधि तथा प्रक्रिया व्यवस्था गरेको छ । सुशासन सञ्चालन तथा व्यवस्थापन ऐन २०६४ नियमावली २०६५ र स्थानीय स्वायत्त शासन ऐन २०५५ को आधारमा तयार यस कार्यविधिले स्थानीय निकायमा आन्तरिक तथा बाह्य स्रोतबाट सञ्चालन हुने सबै कार्यक्रम तथा आयोजना, निर्माण व्यवसायी (ठेकेदार), उपभोक्ता समिति, गैरसरकारी संस्था, टोल विकास संस्था र सामुदायिक संस्थाहरूले समेत सार्वजनिक सुनुवाई गराउनुपर्ने कुरा उल्लेख गरिएको छ । **स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ ( परिमार्जित**) नगरपालिकाले प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको छ । **बुङ्गल नगरपालिकाको सार्वजनिक सुनवाईसम्बन्धि कार्यविधि २०७७** अनुरूप सार्वजनिक सुनुवाई सञ्चालन गरिएको छ ।

**कार्यक्रम सञ्चालित प्रक्रिया**

क) अध्यक्षता ग्रहण तथा कार्यक्रम सुरू भएको घोषणा भएको थियो ।
ख) कार्यक्रमको उद्देश्यमाथि प्रकाश पारेको ।
ग) आचारसंहिताबारे जानकारी गराएको ।
घ) सार्वजनिक सेवा प्रवाहबारे संक्षिप्त जानकारी दिएको ।
ङ) नागरिक प्रतिवेदन पत्रसम्बन्धी प्रतिवेदन प्रस्तुत भएको ।
च) बहिर्गमन अभिमतसम्बन्धी प्रतिवेदन प्रस्तुत भएको थियो ।
ङ) सहभागीहरूबाट तोकिएको बिषयमा लिखित तथा मौखिक प्रश्नहरू संकलन भएको ।
ज) स्थानीय तहका जिम्मेवार पदाधिकारीहरूले स्पष्ट पारेको ।
झ) स्पष्टतापछि थप जिज्ञासाको आह्वान गरेको ।
ञ) सम्बन्धित पदाधिकारीबाट थप जिज्ञासामा स्पष्टता ल्याउने प्रयास गरेको ।
ट) समापन मन्तव्य, धन्यवाद ज्ञापन र कार्यक्रम विसर्जन भएको ।

- कार्यक्रमको आचारसंहिताबारे जानकारी गराउने कार्यक्रमका सहजकर्ताले सहभागीहरूबाट तोकिएको विषयमा लिखित एवं मौखिक प्रश्नहरू संकलन गर्ने कार्य गरिएको थियो ।
- प्रश्न वा जिज्ञासाहरूको स्पष्ट जवाफ दिन प्रमुख बक्ता तथा अन्य बक्ताहरूलाई दिनुभएको थियो ।
- स्पष्टतापछि थप जिज्ञासाहरूको आब्हान गरी थप जिज्ञासाको जवाफ सम्बन्धित गा.पा. का अध्यक्ष तथा अन्य कर्मचारीबाट दिने र भइरहेका कमी कमजोरीहरूलाई आगामी दिनमा सुधार्ने प्रतिबद्धता गरेको छ ।
- सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका कुरालाई सारक्षेपमा पुर्नताजकीय गरी अरू निकायले पनि सार्वजनिक सुनुवाई गर्नुपर्ने आभ्यास गरी कार्यक्रमको समापनको लागि अध्यक्षलाई अनुरोध गरियो ।
- धन्यवाद ज्ञापनसहित कार्यक्रमको समापन भएको थियो ।

- सूचना संकलन र तयारी गरी सम्बन्धित सरोकारवालालाई जानकारी गराएको थियो ।
- सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित हुनुपर्ने व्यक्तिको सहभागिता सुनिश्चित गरिएको थियो ।
- सार्वजनिक सुनुवाई कार्यक्रमको प्रक्रिया निर्धारण भएको थियो ।
- श्रब्य-दृश्य सामग्री तयार भएको थियो ।
- अन्तर्क्रिया र छलफल भएको थियो ।
- सार्वजनिक सुनुवाई कार्यक्रमको निष्कर्ष निकालिएको थियो ।
- अभिलेखीकरण र प्रचार प्रसार गरिएको थियो ।
- नगरपालिका कार्मचारीहरूसँग अन्तर्क्रिया
- अवलोकन ।
- विषयवस्तुमा केन्द्रित रही छलफल गर्ने ।
- निजी वा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने र अरूलाई व्यक्तिगत आक्षेप नलगाउने ।
- सहभागीले व्यक्त गरेका विचारमा प्रतिवाद नगर्ने, प्राप्त प्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रूपमा लिने ।
- व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचार कायम राख्ने ।
- सहभागीलाई विचार राख्न प्रोत्साहन गर्ने र विचारका लागि धन्यवाद दिने ।
- सहजकर्ताले बोल्ने समय दिएपछि मात्र सहभागीले आफ्ना कुरा राख्ने ।
- बोल्दा पालैपालो र एउटा व्यक्तिले एकपटक मात्र बोल्ने ।
- आफ्ना कुरा छोटकरीमा स्पष्टसँग राख्ने र बीचमा अर्काको कुरा नकाट्ने

**सार्वजनिक सुनुवाई कार्यक्रममा पास भएका आचारसंहिताहरू**

- सहभागीहरूले प्रश्न वा जिज्ञासा राख्नका लागि हात उठाउनु पर्नेछ ।
- सहभागीहरूले प्रश्न वा सुझाब के राख्ने पहिले नै स्पष्ट गर्नुपर्नेछ ।
- सहजकर्ताले प्रश्न वा जिज्ञासा राख्नका लागि संकेत गरेपछि मात्र नामसहित प्रश्न राख्नुपर्नेछ ।
- सेवाग्राहीहरू वा सहभागीहरू धेरैलाई प्रश्न गर्ने समय दिनुपर्ने भएकाले बुँदागत रूपमा छोटकरीमा प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ ।
- सहजकर्ताले प्रश्न वा जिज्ञासा राख्ने समय सकेको संकेत गरेपछि तत्काल प्रश्न सोध्ने कार्य रोक्नुपर्नेछ ।
- आफूभन्दा पहिलेका प्रश्नकर्ताले राखेका प्रश्न नदोहोऱ्याई राख्नुपर्नेछ ।
- चित्त नबुझेमा सहजकर्ताबाट थप समयको अनुमति लिएर प्रश्न राख्नुपर्नेछ ।
- प्रश्नहरू राख्दा कसैलाई लाञ्छना वा पूर्वाग्रही र अस्लिल शब्दहरू प्रयोग गर्न पाइने छैन ।
- कसैबाठ सुनुवाईलाई बिथोल्ने प्रयास गरेमा सबै सहभागी मिलेर सालिनतापूर्वक समाधान गर्न पहल गर्नु सबैको कर्तव्य हुनेछ ।
- सुनुवाईलाई विषयान्तर हुनबाट रोक्न सबै सहभागीहरू सचेत हुनुपर्ने छ ।

**सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन**

मितिः २०८०माघ १७ गते दिउँसो १२ बजेदेखि
स्थान : बुङ्गल नगरपालिकाको सरस्वती मा वि को खेलमैदान विजगडा ।

अध्यक्षता ग्रहण : जय बहादुर धामी
सहजकर्ता : शैलेन्द्र रोकाया र ललित बहादुर सिंह (अन्य पत्रकार साथीहरु)
कार्यक्रम सञ्चालन गरिएको अबधि : १२ बजेदेखि ४:३० बजेसम्म

**५. सार्वजनिक सुनवाईमा प्रयोग भएका विधि तथा प्रक्रिया**

**विधि**

- प्रश्नावली
- अवलोकन
- सामुहिक सहभागितामूलक छलफल
- अन्तर्वार्ता
- FGD
- आम भेला कार्यक्रम दोहोरो प्रश्नोत्तर
- वर्हिगमन अभिमत पत्र र नागरिक प्रतिवेदन पत्र

**प्रक्रिया**

- सार्वजनिक सुनुवाईको तयारी
- सार्वजनिक सुनुवाईको बारेमा सेवा प्रदायकलाई जानकारी तथा पत्राचार
- सूचना संकलन
- नगरपालिकाको अवलोकन
- सेवाग्राहीसँग छलफल भेटघाट
- सेवा प्रदायक निकायसँग अन्तर्वार्ता
- टोल समुदाय तहमा सूचना संकलन
- विषय केन्द्रित छलफल
- नगरपालिकाको प्रवाह गर्ने सेवाको बारेमा सेवा प्रदाय निकायबाट प्रस्तुतिकरण
- बर्हिगमन अभिमत पत्र तथा नागरिक प्रतिबेदन पत्रको नतिजा प्रस्तुत
- आमभेला तथा बृहत छलफल कार्यक्रम सञ्चालन तथा छलफल
- कार्यक्रम समापन

**६.सार्वजनिक सुनुवाइमा प्रस्तुति गरेको आय व्यय विवरण**
१ समानीकरण तर्फको बजेट
२ सशर्त विशेष अनुदानको रकम
३ समपुरक अनुदान
४ राजश्व बाँडफाँड

**७. उठेका प्रश्न/जिज्ञासा र उत्तर :**

| क्रम संख्या | प्रश्नकर्ता गुनासो/ सुझाव दिनेको नाम/ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव | जवाफदिने पदाधिकारीको नाम/पद | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १. | प्रभाष कार्की<br>बु न पा ४ | सार्वजनिक सुनुवाईमा जनता किन उपस्थित कम भएको ? | माधव प्रसाद जोशी( नि.प्रमुख प्रशासकीय अधिकृत) | यो विषयमा मैलै हप्ता दिन अगाडि पत्र पठाई स्थानीय रेडियो सेरोफेरो एफएमबाट सुचना प्रसारण गर्न लगाएको थिए ।<br>यो समस्या हाम्रो पालिकामा मात्रै नभई सबै ठाउँमा यस्तै छ । यसमा पनि १७२जना स्थानीयहरु र सरोकारवालाहरु उपस्थित भएका छन् । |
| २ | रामचन्द्र जाशी<br>बु न पा ४ | बु न पा बासीको मुख्य आर्यआर्जनको स्रोत पल्टा(सिलेट) निकालेर अलपत्र अवस्थामा छन् किन ? | जय बहादुर धामी<br>नगरप्रमुख | पल्टा खानी बु.न.पा.कको वडानं १ र २ मा रहेको छ । त्यहाँका स्थानीयहरुले धेरै पछि पहिले देखिनै निकाल्दै आएका छन् । केहि आफ्नो घरायसी प्रयाजनका लागि प्रयोग गरेका छन् भने पछिल्लो समय ब्यापारीक ढंगबाट स्थानीयहरु पल्टा ब्यावसायमा लागेका थिए । तर यसलाई |

| | | | | |
|---|---|---|---|---|
| | | | | निर्यात गर्नका लागी हामीले कार्यपालिकाबाट निर्णय गरेर माथिल्लो निकायमा बैधानीक निकासका लागि पठायौं । जिल्ला प्रशासन कार्यालयले रोक लगाएको थियो । पल्टा भएको क्षेत्र राष्ट्रिय बन भई यसको प्रक्रिया लम्बेको हो । नगरले कार्यपालिकामा निर्णय गरी खानी दर्ताका लागि खानी बिभाग संग समन्वय गरिरहेका छौं यसको निकास पनि आउन्छ ।पल्टा निकासका लागि स्थानीयबाटै समस्या आईरहेको छ । |
| ३ | हेमन्तराज जोशी<br>बु.न.पा.४ | कालंगा हाइड्रोको रोयल्टी जनताले कहिले पाउने ?<br>नगरको स्काईभेटर किन थन्कियो ?<br>जेसिवी बजेट बिनियोजन गरेको अहिले सम्म किन नकिनेको ?<br>बजार अनुगमन किन भएन ? | जय बहादुर धामी<br>नगर प्रमुख | ०७९मा कालंगा हाइड्को निमाण कार्य सम्पन्न भएको छ । कार्यपालिकाले निणय गरेर चिठ्ठी पठाएका छौ,बिद्युतप्राधिकरणको नियम अनुसार कम्पनिले सिधै नगरलाई दिन नमिल्ने भएकाले खपत अनुसारको रोयल्टी हाम्रो नगरमा आउने बजेटमा सरकारले प्रतिशतका हिसाबले थपेर बजेट आउन्छ ।<br>नगरको स्काइभेटर अहिले नगर भित्रका बिभिन्न स्थानमा काम गरिरहेको छ ।<br>नयाँ जेसिवी ल्याउने प्रक्रिया सुरु भएको टेन्डर खोलेर प्रक्रियागत ढंगबाट अगाडी बढ्छ । |
| ४ | दिपक राज कुवँर<br>बु न पा ४ | जनताले पाएको बैंकिङ्ग समस्या कहिले सहज हुन्छ ?<br>सहजै संचारको पहुँचमा नगरबासी कहिले हुने ? | नगर प्रमुख | बैकिङ्ग सिस्टमले कहिले काँहि ढिला सुस्ती गर्ने गरेको छ हामीले बैकको प्रवन्धक संग छलफल गरेर कसरी हुन्छ जनतालाई सेवा सुबिधि छिटो छरितो दिन समन्बय गरेका छौ ।<br>स्थानीय सरकार आई सके पछि क्रमानुगत रुपमा संचारसेवा सुचारु भैरहेको छ टावरमा बिद्युत नपुगेकाले कहिले काँहि नेटर्वक जान्छ । टावरसम्म बिद्युत पुर्याउन हामी लागिरहेका छौ छिट्टै समाधान हुन्छ । |
| ५ | जय बहादुर कुवँर<br>बुनपा ५ | कर्मचारी भर्नामा मनोमानी किन ?<br>खेलकुद बिकास समिति गठन एकलौटी किन गरेको ? | नि. प्रमुख प्रशासकीय अधिकृत<br><br>मेयर | हामीले कार्यपालिकाको बैठ्कबाट आवश्यकताको रुपमा नियम वद्ध कर्मचारी राखेका छौ ।<br>कार्यपालिकाको बैठ्कबाट खेल सम्बन्धी योग्य र अनुभवी ब्यक्तिहरलाइ हामीले खेलकुद बिकास समितिमा राखिएको हो यसलाई एकलौटी भन्न मिल्दैन कि । |
| ६ | वटन आरसी | नगर प्रहरीको स्थापना कहिले ?<br>मदिरा नियन्त्रण किन भएन् ?<br>मज्दुरलाई सरकारले तोके अनुसार ज्याला कहिले देखि लागू हुने ? | मेयर<br><br>धन बहादुर बोहरा<br>उपमेयर | नगर प्रहरी भर्नाको लागी कार्यबिधि बनाउका छौ । आवश्यकताको आधारमा नगरले भर्ना गर्छ ।<br>कार्यपालिकामा निर्णय गरेको छ , बजार अनुगमन गरी कानून बमोजिम मदिरा नियन्त्रणमा हामी लाग्छौ तपाइहरुको पनि साथ चाहिन्छ ।<br>नगर भित्र रहेका भौतिक संरचनाहरमा काम गर्ने सम्पूर्ण मज्दुरहरुले नेपाल सरकारको नियम अनुसार मज्दुरी पाईरहेका छन् कत्तै नपाएको खबर भए नगरले एक्सन लिएर कानुन अनुसार अगाडी बढ्छ । |

| | | | | |
|---|---|---|---|---|
| ७ | दिपक राज जोशी | घर या भवन बनाउदाँ नगरले नक्सा पास गरि बनाउने निति कहिले लागू हुने ? | मेयर | हामीले नगरभित्र नक्सा पास गरेर मात्र सावैजनिक भवन र घर बनाउने भन्ने कायेबिधि बनेको छ अव कार्यबिधि अनुसार नै काम अगाडी बढ्छ । |
| ८ | लाल बहादुर महरा बुनपा १० | नगर भित्रको स्वास्थ्य समस्या कहिले हट्ने ? | मेयर | नगरको स्वास्थ्य अवस्थालाई मध्यनजर गरी हामीले एमबिबिएस डाक्टर राखेका छौ । क्रमानुगतरुपमा स्वास्थ्य सुधारमा हामी लागिरहेका छौ । |
| ९. | मान बहादुर बोहरा बुनपा १ | बजारमा शुद्ध पिउने पानीको ब्यावस्था कहिले हुने ? | मेयर/उपमेयर | नगरले नगरबासीका समस्या समाधानमा लागिरहेका छौ बजारमा पानीको अभाव त छैन् अझै ब्यावस्थित बनाउने पक्षमा छौ । |
| १० | भरत मल्ल (बझाङ्ग इन्चार्ज विप्लव) | सार्वजनिक सुनुवाई परम्परागत शैलीमा भयो ?<br>मेयर र उपमेयरका आपसी बिवादले नगर बिकासमा समस्या किन ? | नि.प्रमुख प्रशासकीय अधिकृत<br><br>मेयर र उपमेयर | हामीले सार्वजनिक सुनुवाई स्थानीयतह कायृबिधि अनुरुप नै गरिरहेका छौ । अझै यसको प्रभावकारीताका बारेका हामी कर्मचारी र जनप्रतिनिधि छलफल गरेर अगाडी बढ्छौ ।<br>हाम्री गठबन्धन बाटै अगाडी बढेका हौं । दाउँरा नठोसी आगै बल्देन हामी नगर बिकासमा हाम्ो सहकार्यका साथ हामी सबै जनप्रतिनिधि बिकासमा लागिरहेका छौ । हामीमा बिभेद केहि छैन् । |
| ११ | धनदेवी कुवँर | न्यायिक समितिले महिलाको हकहितमा के काम गरेको छ ?<br><br>सुचना दिन किन मान्दैनन् नगरका कर्मचारी ? | उप मेयर<br><br><br>नि.प्रमुख प्रशासकीय अधिकृत | संघियता अनुरुप हामी दुबै अलगअलग बिचारधारबाट हामी नेतृत्वमा छौ । न्यायिक समितिको हक अधिकार उपमेयरलाई नै हो । म पुरुष भउका कारणले महिलाहरुलाई अप्ठ्यारो नहोस् भनि नियम अनुसार नै महिला शाखा र महिलाका बिषयमा वकालत गर्नेब्यक्ति मार्फत हामीले हिंसामा परेका महिलाहरुलाई न्याए दिईरहेका छौ । महिला हिंसा न्युनिकरण गर्न नगरबाट बिभिन्न खाले जनचेतनामुलक कार्यक्रम गरिरहेका छौ ।<br>हामीले सुचना अधिकारी तोकेका छौ जनताले मागेको सुचना प्रक्रियागत ढंगबाट उपलब्ध गराउन मिल्छ । |
| १२ | अम्मरराज जोशी बुनपा ७ | शुसाशनमा पछाडी,बेरुजुमा अगाडी किन ?<br>सवारी साधनको भाडादर कायम किन भएन ? | मेयर/उपमेयर/ नि प्रमुख प्रशासकीय अधिकृत | स्थानीय सरकार संचालन ऐन अनुसार नै नगर चल्ने हो , असल शासनका लागि हामी लाई तपाईहरको रचनात्मक सुझावको आवश्यकता हुन्छ ,बिरोध गरेर मात्र हुदैन् , नगरमा बेरुजू अहिलेको हैन पहिले देखिनै रहेको छ कुनै योजनाको काम राम्रो भएको छ तर भुक्तानी प्रक्रियामा कागज नमिलेका कारण बेरुजु बढेको हो । यसलाई भष्टाचार गरेको भन्न मिल्दैन नमिलेका कागजहरु मिलाएर दिनानु दिन बेरुजु घटेको छ ।<br>कार्यपालिकाको बैठक बसी सवारी धनहिरु संग बृहत छलफल गरेर तत्काल भाडादर कायम हुन्छ । |

**सार्वजनिक सुनुवाई कार्यक्रमा सहभागीबाट आएका सुझावहरू**

- विद्युत लाइन सवै वडामा विस्तार जोड दिनुपर्ने

- योजना डिजायन स्टमेट गरी बनाउनुपर्ने, आफुखुसी योजना दिन नहुने ।
- राम्रो कर्मचारी जनप्रतिनिधिलाई पुरस्कृत गर्नुपर्ने ।
- कृषिमा व्यावसायीकरण गरेर आय आर्जनमा वृद्धि गर्नुपर्ने ।
- गाउँ सभाले छनौट गरेका योजना हेरफेर नगर्ने ।
- युवालाई रोजगार केन्द्रित कार्यक्रम सञ्चालन गरी आत्मनिर्भर बनाउनुपर्ने ।
- लक्षित वर्ग तथा समुदायहरूलाई पालिकाको सेवा प्रवाहसम्बन्धि सूचना प्रवाह गर्नुपर्ने ।
- सेवा सुविधा निःस्वार्थ रूपमा प्रवाह गर्नुपर्ने
- पालिकाले महिला तथा पुरूष खेलाडीहरूलाई प्रोत्साहन गर्ने योजनाहरू ल्याउनुपर्ने ।
- पालिका र वडाले प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाईलाई निरन्तरता दिनुपर्ने ।
- भौतिक पूर्वाधारका योजनाहरूको अनिवार्य सार्वजनिक परीक्षण गर्नुपर्ने ।
- संविधानको मर्म भावना देशले लिएको दिगो विकास लक्ष्य स्थानीयकरण गर्नुपर्ने ।
- स्थानीय तहको संस्थागत क्षमता स्व.मूल्यांकनलाई केन्द्रित हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

**प्रतिवेदक**
**ललित बहादुर सिंह**

**सार्वजनिक सुनुवाई कार्यक्रमका केही तस्बिरहरू**




